नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
संगठन विकास शाखा

फोन नं.: ०१-४२००३०६
फ्याक्स : ०१-४२००३२२
Email: *info@mofaga.gov.np*
*www.mofaga.gov.np*
**सिंहदरबार, काठमाडौं**

पत्र संख्याः ०७७/७८
चलानी नं. २५

मितिः२०७७/०५/१२

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

विषयः प्रदेशस्तरको पद दर्ता गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धमा ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(प्रादेशिक समन्वय शाखा),
सिंहदरबार, काठमाडौं, नेपाल ।

राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुरको प.सं. २०७७/७८ (प्र.), च.नं. ६५, मिति २०७७/०५/०४ गतेको प्रदेशस्तरको पद दर्ता गर्दा अपनाउनु पर्ने कार्यविधि विषयको प्राप्त पत्र र मिति २०७७/०४/३२ मा यस मन्त्रालय (मा.मन्त्रिस्तर) बाट स्वीकृत प्रदेशस्तरको संगठन संरचना तथा पद दर्ता सम्बन्धी संक्षिप्त कार्यविधि, २०७७ पाना २ (दुई) आवश्यक कार्यार्थ सबै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी गराईदिने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ ।

२०७७/०५/१२

(गंगबहादुर थापा)
शाखा अधिकृत

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# राष्ट्रिय किताबखाना
# (निजामती)

पत्र संख्या:-२०७७/७८ (प्र.)
चलानी नं. :- ६०५

दर्ता नं. :- ११५० 2066/2/16

मिति २०७७।०५।०४

**विषयः पदेशस्तरको पद दर्ता गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा ।**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(संगठन विकास शाखा),
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा नेपाल सरकार मा.मन्त्रीस्तरको मिति २०७७।०४।३२ को निर्णयानुसार स्वीकृत भएको **"प्रदेशस्तरको संगठन संरचना तथा पद दर्ता सम्बन्धी संक्षिप्त कार्यविधि, २०७७"** पाना २ यसैसाथ संलग्न राखी पठाइएको छ । प्रदेश सरकारबाट संगठन संरचना तथा दरवन्दी सृजना गरी राष्ट्रिय किताबखाना (निजामती) मा पद दर्ताको लागि पठाउँदा उक्त कार्यविधिमा उल्लेख भए बमोजिम गर्ने गरी सबै मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी गराईदिने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ ।

( घनश्याम तिमिल्सिना )
शाखा अधिकृत

श्री हर्लेजी

<u>प्रदेश स्तरको संगठन संरचना तथा पद दर्ता सम्बन्धी संक्षिप्त कार्यविधि, (२०७७)</u>

१. विषय प्रवेशः

मुलुक संघीय संरचनामा रुपान्तरण भएपछि साविकको प्रशासनिक संरचनालाई संघीय प्रणाली अनुरुप तुल्याउने गरी सबै सरकारी निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ संगठन संरचना र दरवन्दी संघ, प्रदेश र तथा स्थानीय तह गरी तीनै तहमा स्वीकृत भएको छ । साथै स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिम कर्मचारी समायोजन/पदस्थापना गर्ने कार्य समेत सम्पन्न भैसकेको छ ।

कर्मचारी समायोजन ऐन,२०७५ को दफा ३ को उपदफा '१०' बमोजिम प्रदेश सरकारले आवश्यकता अनुसार संगठन संरचना वा दरवन्दी थपघट, हेरफेर वा परिमार्जन गर्ने र सम्बन्धीत प्रदेशबाट अनुरोध भई आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्ने उल्लेख छ ।

सोही बमोजिम प्रदेश सरकारले संविधानको अनुसूचिमा उल्लेखित अधिकारको सूचि, कार्य प्रकृति र कार्य बोझ समेतको आधारमा प्रदेश अन्तर्गतका निकायहरुको संगठन संरचना र दरबन्दी पुनरावलोकन गरेर संगठन तथा पद दर्ताका लागि राष्ट्रिय किताबखानामा अनुरोध गरिरहेका छन् ।

२.औचित्यः

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीस्तरीय निर्णयानुसार राष्ट्रिय किताबखानालाई प्रदेश सरकार अन्तर्गतका संगठन संरचना तथा पदहरु दर्ता गर्न निर्देशन प्राप्त भएको छ ।

प्रदेश स्तरको पद दर्ता सम्बन्धमा स्पष्ट संस्थागत र कानूनी व्यवस्था भैनसकेकोले वर्तमान सन्दर्भमा अल्पकालका लागि राष्ट्रिय किताबखानामा प्रदेशस्तरको संगठन संरचना तथा पद

दर्ता गर्न बाञ्छनिय भएकाले प्रदेश स्तरको संगठन संरचना र पद दर्ता सम्बन्धी संक्षिप्त कार्यविधि बनाइएको छ ।

३. **प्रदेश सरकारका संगठन संरचना तथा पद दर्ता सम्वन्धमा लिईने आधारहरुः**

१. प्रदेश सरकार अन्तर्गतका संगठन संरचनामा सिर्जना हुने पदको सेवा समूह तथा उपसमूह निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० अनुसार हुने गरि गर्ने।

२. नेपाल सरकारले कर्मचारी समायोजन पूर्व गरेको प्रदेश सरकारको संगठन संरचना र पद थप गरिएको वा घटाइएको विषयमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमती पत्र।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट दिईएको स्वीकृती पत्र।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट मन्त्रिपरिषदमा प्रस्ताव पेश गरेको प्रतिलिपि।

५. प्रस्तावित संगठन संरचना तथा दरबन्दी तेरिजको अनुसूची एक एक प्रति।

६. प्रदेश सरकार (मन्त्रिपरिषद) को निर्णयको प्रतिलिपि।

७. सम्वन्धित मन्त्रालय/निकायबाट पद दर्ता गर्ने सम्वन्धमा राष्ट्रिय किताबखानालाई लेखिएको अनुरोध पत्र।

८. रीतपूर्वक भरी प्रमाणित गरिएको पद दर्ता फाराम ४।

९. संगठन संरचना तथा पद दर्ता सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयको पत्र।

१०. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको राष्ट्रिय किताबखानालाई सिफारिस पत्र।